सांस्कृतिक संस्थान

# सांस्कृतिक संस्थान कला प्रशिक्षण कार्यविधि -२०८१

सांस्कृतिक संस्थान सञ्चालक समितिद्वारा २०८१/०२ /३१ गते स्वीकृत
सांस्कृतिक संस्थान, जमल, काठमाडौं ।

# सांस्कृतिक संस्थान कला प्रशिक्षण कार्यविधि -२०८१

**प्रस्तावना:**

कला, संस्कृतिको लागि ज्ञान, शिक्षा, चेतना एवं जागरण प्रवाह गर्ने सशक्त माध्यम हो । यसरी नै राष्ट्रिय एकता र पहिचानलाई प्रस्तुत गर्ने गर्विलो विषय पनि हो । यसले देशको सामाजिक एवं सांस्कृतिक रूपान्तरणमा महत्वपूर्ण भूमिका खेलेको हुन्छ । यसमा समर्पित स्रष्टा, सर्जक एवं कलाकारहरूको अभिनय तथा संगीत पक्षलाई प्रशिक्षणको माध्यमबाट सक्षम, सशक्त एवं नियमित बनाउने उद्देश्यले सांस्कृतिक संस्थानले यो सांस्कृतिक सांस्कृतिक संस्थान कला प्रशिक्षण कार्यविधि २०८१ तर्जुमा गरेको छ ।

## परिच्छेद: १

**१. संक्षिप्त नाम र प्रारम्भ:**

(क) यो कार्यविधिको नाम **'सांस्कृतिक संस्थान कला प्रशिक्षण कार्यविधि २०८१'** रहनेछ ।

(ख) यो कार्यविधि सञ्चालक समितिले स्वीकृत गरेको मितिदेखि लागू हुनेछ ।

**२. परिभाषा:**

विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा :

(क) **'ऐन'** भन्नाले सञ्चार संस्थान ऐन, २०२८ लाई सम्झनुपर्छ ।

(ख) **'विनियमावली'** भन्नाले सांस्कृतिक संस्थानको कर्मचारी सेवा शर्त सम्बन्धी विनियमावली २०७८ लाई सम्झनु पर्छ ।

(ग) **'संस्थान'** भन्नाले सांस्कृतिक संस्थानलाई बुझाउनेछ ।

(घ) **'कार्यविधि'** भन्नाले 'सांस्कृतिक संस्थान कला प्रशिक्षण कार्यविधि २०८१' सम्झनु पर्छ ।

(ङ) **'समिति'** भन्नाले सांस्कृतिक संस्थान कला प्रशिक्षण तयारीका लागि संस्थानबाट गठन हुने समितिलाई सम्झनुपर्छ ।

(च) **'संयोजक'**भन्नाले सांस्कृतिक संस्थान **'सांस्कृतिक संस्थान कला प्रशिक्षण'** सञ्चालन समितिको संयोजकलाई सम्झनु पर्छ ।

(छ) **'सदस्य'** भन्नाले 'सांस्कृतिक संस्थान कला प्रशिक्षण' सञ्चालन समितिको सदस्यलाई जनाउनेछ र सो शब्दले संयोजक समेतलाई समेत जनाउँछ ।

(ज) **'प्रशिक्षण'** भन्नाले सांस्कृतिक संस्थानबाट दिइने सम्पूर्ण विधाका कक्षाहरूलाई बुझाउनेछ र **'प्रशिक्षक'**भन्नाले सांस्कृतिक संस्थानद्वारा प्रशिक्षण सत्रका सम्पूर्ण विधाका प्रशिक्षार्थीलाई अध्ययन अध्यापन गराउने प्रशिक्षकलाई सम्झनु पर्छ ।

(झ) **'प्रशिक्षार्थी'** भन्नाले केही निश्चत मापदण्ड पूरा भई अध्ययनको निम्ति सबै प्रक्रिया पूरा गरेको व्यक्तिलाई सम्झनु पर्दछ ।

(ञ) **'विधा'** भन्नाले गायन, वादन, नृत्य र नाट्य विधालाई जनाउने छ ।

(ट) **'सङ्गीत प्रशिक्षण'** भन्नाले सङ्गीत विधा अन्तर्गतका गायन, वादन र नृत्य विधाको व्यावहारिक तथा सैद्धान्तिक ज्ञान अवगत गराउने कार्यलाई सम्झनु पर्छ ।

(ठ) **'नाटक प्रशिक्षण'** भन्नाले अभिनय तथा नाटक विधाको व्यवहारिक तथा सैद्धान्तिक ज्ञान अवगत गराउने कार्यलाई सम्झनु पर्छ ।

(ड) **'फाराम'** भन्नाले प्रशिक्षणको निम्ति योग्य प्रशिक्षार्थीद्वारा आधिकारिक सत्य तथ्य विवरण भरिएको फारम सम्झनु पर्छ ।

(ढ) **'छनोट समिति'** भन्नाले प्रशिक्षणका निम्ति आएका प्रशिक्षार्थीहरूलाई विधागत रुपमा छनोट गर्ने समितिलाई बुझाउनेछ ।

(ण) **'इकाई प्रमुख'** भन्नाले महाप्रबन्धकबाट तोकिएको प्रशिक्षण कार्यक्रमको प्रमुखलाई जनाउनेछ ।

(त) **'समय अवधि'** भन्नाले एक आर्थिक वर्षमा दुई कार्यकाल ६/६ महिनाको समयलाई जनाउनेछ ।

(थ) **'सत्र'** भन्नाले सांस्कृतिक संस्थानका बिहानी, सन्ध्याकालीन तथा संस्थानद्वारा आवश्यकता अनुसार अन्य समयमा सञ्चालन गरिने प्रशिक्षण कार्यक्रमको समय तालिकालाई जनाउनेछ ।

## परिच्छेद:२
## सांस्कृतिक संस्थान कला प्रशिक्षण कार्यविधि

### ३. उद्देश्य:

सांस्कृतिक संस्थान कला प्रशिक्षण कार्यविधिको उद्देश्य देहाय बमोजिमको हुनेछ:

(क) यस सांस्कृतिक संस्थानद्वारा दिइने प्रशिक्षण कार्यक्रम कक्षालाई व्यवस्थित गने ।

(ख) नेपाली लोककला, संस्कृतिको संरक्षण, विकास गर्ने तथा कलाकार उत्पादन गर्ने ।

(ग) न्यूनतम शुल्कमा कलासँग सम्वद्ध ज्ञान प्रदान गर्ने ।

(घ) कलाको विभिन्न विधामा कलाकार हुन चाहने व्यक्तिलाई राज्यको तर्फबाट आधारभूत ज्ञान प्रदान गर्ने ।

(ङ) नेपाल सरकार, विदेशी नियोग तथा विभिन्न प्रदेश तथा स्थानीय निकायहरूसँगै सहकार्य भएबमोजिम साप्ताहिक वा आवश्यकता अनुसार १५ दिनसम्म कार्यशाला प्रशिक्षण कक्षा सञ्चालन गरी, गराई नेपाली मौलिक लोक संस्कृति प्रस्तुतिजन्य कलाको प्रचार प्रसार संरक्षण तथा पुस्ता हस्तान्तरणका साथै राष्ट्रिय एकताको भाव जागृत गर्ने ।

(च) विभिन्न कला विधामा नवीन र मौलिक दृष्टिकोणहरूको प्रयोगलाई प्रोत्साहित गर्ने ।

(छ) कलाकारहरूको व्यक्तित्व र सिर्जनात्मक दृष्टिकोणहरूमा नवीनता ल्याउन मद्दत गर्नुका साथै कला र सांस्कृतिक इतिहासको बोध गराउने ।

(ज) कलाकृतिहरूलाई व्यवस्थित रूपमा प्रस्तुत गर्न र प्रवन्धन गर्ने सीपहरू प्रदान गर्ने ।

(झ) कलाकारहरूलाई आत्मविश्वासका साथ उनीहरूको कलाकृतिहरू प्रस्तुत गर्न मद्दत गर्ने ।

(ञ) विभिन्न विश्वविद्यालय तथा सिटिइभिटीसँग सम्वन्धन गरी प्रशिक्षण कक्षालाई थप व्यवस्थित गर्ने ।

## परिच्छेद: ३
## सांस्कृतिक संस्थान कला प्रशिक्षण सञ्चालन समिति तथा काम कर्तव्य र अधिकार

### ४. समितिको गठन:

सांस्कृतिक संस्थान कला प्रशिक्षण कार्यविधि सञ्चालनार्थ सांस्कृतिक संस्थानले देहाय बमोजिम समिति गठन गर्नेछ:

(क) सांस्कृतिक संस्थानको महाप्रबन्धक- अध्यक्ष ।

(ख) विधागत रुपमा नाटक, सङ्गीत (गायन, बाद्यवादन र नृत्यका) १/१ जना गरी संस्थानका सञ्चालक समितिले मनोनयन गरेका संस्थानका ४ जना कर्मचारीहरू- सदस्य ।

(ग) लेखा र अभिलेख शाखाबाट १/१ जना गरी दुई जना- सदस्य ।

(घ) महाप्रवन्धकबाट तोकिएको इकाई प्रमुख- सदस्य-सचिव ।

(ङ) कार्यक्रम तथा योजना शाखाबाट १ जना गरी जम्मा ९ जनाको समिति रहनेछ ।

**५. सदस्यको अयोग्यता:**

देहायको व्यक्ति समितिको सदस्य हुन अयोग्य मानिनेछ :

(क) गैर नेपाली नागरिक ।

(ख) संस्थानसँग ठेक्कापट्टा लिएको वा त्यस्तो ठेक्कापट्टामा सम्मिलित भएको व्यक्ति ।

(ग) प्रचलित कानुनले अयोग्य ठहऱ्याएको व्यक्ति ।

(घ) सङ्गीत तथा नाट्यसम्वन्धी ज्ञान नभएको व्यक्ति ।

**६. समितिको बैठक र निर्णय:**

(क) समितिको बैठक आवश्यकताअनुसार संयोजकले तोकेको मिति, समय र स्थानमा वस्नेछ, ।

(ख) अध्यक्षको स्वीकृति लिइ सदस्य सचिवले समितिको बैठक बोलाउनेछ ।

(ग) समितिको कूल सदस्य सङ्ख्याको एकाउन्न प्रतिशत सदस्यहरू उपस्थित भएमा समितिको बैठकको गणपूरक सङ्ख्या पुगेको मानिनेछ, ।

(घ) समितिको बैठक समिति संयोजकको अध्यक्षतामा बस्नेछ । अध्यक्षको अनुपस्थितिमात्र अनुमति लिई सदस्यहरूले आफूमध्येबाट छानेको व्यक्तिले अध्यक्षता गर्नेछ,।

(ङ) समितिको बैठकमा वहुमतको राय मान्य हुनेछ र मत बराबर भएमा बैठकको अध्यक्षता गर्ने व्यक्तिले निर्णायक मत दिन सक्नेछ, ।

(च) समितिको निर्णय सदस्य -सचिवद्वारा प्रमाणित गरिनेछ, ।

(छ) समितिले आवश्यक ठानेमा सम्वन्धित विषयका विशेषज्ञलाई समितिको बैठकमा आमन्त्रण गर्न सक्नेछ, ।

(ज) समितिको बैठकसम्वन्धी कार्यविधि समिति आफैले निर्धारण गर्नेछ ।

**७. बैठक भत्ता:**

समितिका सदस्यहरूले बैठकमा भाग लिए वापत संस्थानले तोके वमोजिमको बैठक भत्ता तथा सुविधा पाउनेछन् ।

**८. प्रशिक्षण सञ्चालक समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :**

(क) भर्ना प्रक्रिया:

कक्षा प्रारम्भ गर्नपूर्व २ महिना अगाडिदेखि नै भर्ना खोल्ने, भर्नाको विधागत रुपमा प्रचारप्रसार गर्ने, प्रचारप्रसारका लागि विभिन्न सञ्चार माध्यम, पत्रपत्रिका तथा डिजिटल प्रविधिको प्रयोग गर्ने ।

(ख) नाटक तथा सङ्गीतमा सहभागी सबै प्रक्रिया पूरा गरेका प्रशिक्षार्थीहरूलाई विधागत रुपमा निष्पक्ष र पारदर्शितरुपकमा चयन गर्ने, गराउने ।

(ग) प्रशिक्षण अवधिमा चाहिने आवश्यक मसलन्द तथा अन्य कार्यको लागि चाहिने खर्च समितिले उपलब्ध गराउनेछ ।

(घ) हरेक प्रशिक्षण सत्र पूरा भएको ३५ दिनभित्र दिएको पाठ्यक्रम अनुसार के/के अध्ययनअध्यापन गराइएको गतिविधिहरूको प्रतिवेदनलाई हार्डकपी वा इलेक्ट्रिक कपी रुपमा तयार गर्ने गराउने ।

(ड) दीक्षान्त समारोहको निम्ति कार्यक्रम तयारी गर्ने गराउने ।

(च) प्रशिक्षकहरूको पारिश्रमिक तथा सेवा सुविधा निर्धारण गरी स्वीकृतिको लागि संस्थान समक्ष सिफारिस गर्ने ।

(छ) समय समयमा प्रशिक्षक सेवा सुविधा प्रशिक्षार्थीहरूको अनुगमन गर्ने र सोसम्वन्धी पृष्ठपोषण र सुधारका कार्यहरू गर्ने ।

(ज) विशेष अतिथि प्रशिक्षकको रुपमा आउने प्रशिक्षकहरूको पारिश्रमिक निर्धारण गर्ने र सो प्रशिक्षकहरूलाई दीक्षान्त समारोहमा धन्यवाद ज्ञापन पत्र दिने ।

(झ) हरेक विधाको पाठ्यक्रम तयार गरी लागू गर्नको लागि संस्थान समक्ष सिफारिस गर्ने ।

(ञ) समय सापेक्ष कक्षा शुल्क तथा प्रशिक्षकहरूको पारिश्रमिक निर्धारण वैज्ञानिक ढङ्गवाट गर्ने,

(ट) सबै मापदण्डहरू पूरा गरी प्रशिक्षणमा उत्तीर्ण प्रशिक्षार्थीहरूलाई प्रमाणपत्र प्रदान गर्ने गराउने ।

(ठ) प्रशिक्षार्थीलाई बाहिरी ज्ञान अध्ययन अध्यापनको निम्ति वातावरण निर्माण गर्ने गराउने ।

(ड) आवश्यकता अनुसार विभिन्न सत्रका प्रशिक्षणका लागि समितिद्वारा संयोजक तोक्ने ।

प्रशिक्षार्थीको शुल्क, प्रशिक्षकको सेवा सुविधा र कक्षा सञ्चालन समय अवधिको सम्वन्धमा समितले निर्धारण गरी संस्थान सञ्चालक समितिबाट अनुमोदन गरी लागू गरिनेछ ।

## परिच्छेदः ४

### ९. सांस्कृतिक संस्थान कला प्रशिक्षण कार्यविधि विषय, छनौट र शुल्क सम्वन्धी प्रशिक्षणका विषयहरूः

**९.१ प्रशिक्षणको निम्ति देहाय बमोजिमको निर्धारण गरिएका विषयहरू समावेश गरिनेछ :**

(क) नाटक (पूर्वीय, लोक तथा पाश्चात्य)

(ख) सङ्गीत

(अ) गायन (शास्त्रीय, लोक तथा आधुनिक गीत आदि)

(आ) वाद्यवादन (मादल, तवला, सारङ्गी, बाँसुरी आदि)

(इ) नृत्य (लोक र शास्त्रीय आदि)

९.२ कुनै विधामा कम्तीमा ७ जना प्रशिक्षार्थी भर्ना भएको खण्डमा कक्षा संञ्चाल गर्ने सकिने छ । तर नेपाली लोपोन्मुख बाजा सारङ्गी, बाँसुरी, मादल, धिमे, खिं आदि बाजाहरुको संरक्षणको निम्ति ४ जनासम्म प्रशिक्षार्थी भएको अवस्थामा पनि कक्षा सञ्चालन गर्न सकिनेछ ।

### १०. प्रशिक्षकको छनोट, सेवा र जिम्मेवारी सम्वन्धी व्यवस्थाः

**१०.१ देहायका योग्यता प्राप्त व्यक्तिलाई प्रशिक्षकमा छनोट देहायका हुनेछः**

(क) प्रविणता तह (+२) उत्तीर्ण गरेको र न्यूनतम ७ वर्ष सम्वन्धित विषयमा अनुभव तथा प्रशिक्षण अनुभव हुनु पर्ने ।

(ख) स्नातक तह उत्तीर्ण, न्यूनतम ४ वर्ष सम्वन्धित विषयमा अनुभव तथा प्रशिक्षण अनुभव पनि हुने पर्ने ।

(ग) स्नातकोत्तर तह उत्तीर्ण, न्यूनतम ३ वर्ष सम्वन्धित विषयमा अनुभव तथा प्रशिक्षण अनुभव

पनि हुने पर्ने ।

(घ) प्रशिक्षकहरूले आफ्नो साप्ताहिक कक्षा तालिका अनुसार आफू उपस्थित हुन नसक्दा वा नभ्याएको अवस्थामा वैकल्पिक प्रशिक्षकहरूको व्यवस्था स्वयम्ले मिलाउने वा इकाई प्रमुखसँग समन्वय गरी मिलाउने ।

ङ) यस विधि अनुसार १०.१ अनुसार सबै योग्यता पुगेकोलाई प्रशिक्षकको रुपमा छनोट गर्ने ।

(च) विशेष अतिथि प्रशिक्षकहरूको हकमा सम्बन्धित विषयमा विशिष्टता हासिल गरेको राष्ट्रिय तथा अन्तर्राष्ट्रिय क्षेत्रमा काम गरेको वा विद्यालयहरूमा अध्यापन गरेको हुनु पर्नेछ ।

(छ) प्रशिक्षकका रुपमा संस्थान वा संस्थान बाहिरबाट योग्यता पुगेका व्यक्तिलाई छनोट गरी राख्न सकिनेछ ।

**१०.२ प्रशिक्षकको सेवा नियमित र अतिथि प्रशिक्षकहरूको सेवा सुविधा शुल्क देहाय बमोजिम रहनेछ :**

क) हाललाई नियमित प्रशिक्षकको हकमा प्रति कक्षा रु ७०० र अतिथि प्रशिक्षक प्रति कक्षा रु. २५०० सम्म गरिनेछ ।

ख) शुल्क वृद्धिसँगै प्रशिक्षकहरूको सेवा सुविधा पनि सोही अनुपातमा स्वत: वृद्धि हुनेछ ।

ग) कक्षा सञ्चालन गर्ने क्रममा आवश्यक पर्ने मसलन्द प्रशिक्षण प्रमुखबाट दिइनेछ ।

घ) कार्यशालामा प्रशिक्षकलाई आतिथ्यतामा मान सम्मानको व्यवस्था गर्ने गराउने ।

ङ) इकाई प्रमुख तथा सहयोगीको सेवा सुविधा संस्थान सञ्चालक समितिले तोके बमोजिम हुनेछ ।

**११. प्रशिक्षण सम्बन्धी व्यवस्था :**

**११.१. प्रशिक्षार्थी भर्ना सम्बन्धी:**

क) फारम वितरण: समितिद्वारा निर्धारित न्यूनतम शुल्क लिई फाराम भराउने ।

ख) नेपाली नागरिकता, जन्म दर्ताको फोटोकपी, २ प्रति पासपोर्ट साइजको फोटो १ प्रति विद्यार्थी परिचय पत्रका लागि फोटो । सो डिजिटल प्रविधिबाट पनि गर्न सकिनेछ ।

ग) फाराममा संलग्न फोटो सहितको प्रशिक्षार्थीको सङ्कलन विवरण अनुसूची-१ अनुसार अभिलेखीकरण गरी अभिलेख शाखामा राखिनेछ ।

घ) कक्षा भर्ना आगामी शुरु हुने सत्रको दुई महिना अगाडिबाट सञ्चारका विभिन्न माध्यमबाट गरिनेछ ।

ङ) प्रमाण पत्र ६ महिनाको हाजिरी अनुरूप ८० प्रतिशत भौतिक उपस्थितिको आधारमा दिइनेछ । तर आरक्षण पाएको व्यक्तिको हकमा ९० प्रतिशत भौतिक उपस्थिति अनिवार्य हुनु पर्नेछ ।

च) भर्ना अवधि सकिएपछि १५ दिनसम्म भर्ना हुन इच्छुकलाई १५ प्रतिशत बढि दस्तुर कायम गरिनेछ ।

**११.२ प्रशिक्षार्थीको भर्ना शुल्क व्यवस्था देहाय बमोजिम हुनेछ:**

क) हाललाई अभिनय कक्षाको रु. १२,००० (बाह्र हजार रुपैयाँ मात्र) ।

ख) नृत्य कक्षाको रु. १०,००० (दश हजार रुपैयाँ मात्र) ।

ग) गायन कक्षाको रु. १०,००० (दश हजार रुपैयाँ मात्र) ।

घ) वाद्यवादन कक्षाको हकमा मादल र तबलाको रु. ७,००० (सात हजार रुपैयाँ मात्र) र अन्य वाद्यको हकमा रु. ६,००० (छ हजार रुपैयाँ मात्र) विशेष कला तथा कार्यशालाको शुल्क समितिले निर्धारण गरिनेछ ।

ङ) उपरोक्त कक्षाको शुल्क, कक्षा भारको आधारमा निर्धारण गरिनेछ ।

छ) प्रत्येक २ वर्षमा समय सापेक्ष शुल्क वृद्धि गरिनेछ ।

च) भर्ना शुल्क बैंङ्किक प्रणाली प्रक्रियाबाट तथा अनलाइन प्रविधिमार्फत पनि भुक्तानी गर्न सकिनेछ ।

छ) प्रशिक्षार्थीहरूको पुस्तकालय शुल्क अनिवार्य अग्रिम भुक्तानी गरिनेछ र दीक्षान्त कार्यक्रम पश्चात् पुस्तकालय शुल्क फिर्ता गरिनेछ ।

**११.३ छात्रवृत्ति सम्बन्धी व्यवस्था:**

(क) पूर्ण अपाङ्गता भएका वा आंशिक व्यक्तिलाई छात्रवृत्ति सम्वन्धित निकायद्वारा प्रमाणित गरिएका प्रमाण पत्र पेश गरेमा ।

(ख) सुदूरपश्चिम तथा कर्णाली प्रदेशका दुर्गम जिल्लावासी, अति विपन्न, महिला, जनजाति, दलित, अल्पसङ्ख्यक, पिछडिएको, मधेसी वर्गबाट प्रतिभावान् विद्यार्थीलाई प्रदान गरिनेछ ।

(ग) छात्रवृत्ति प्रदान गर्दा पूर्ण १०० प्रतिशत, आंशिक ५० प्रतिशत गरी हरेक विधाबाट २/२ जना पूर्ण र आंशिकबाट ३ जनालाई छात्रवृति प्रदान गरिनेछ ।

(घ) पूर्ण वा आंशिक रुपमा छात्रवृत्ति पाएका प्रशिक्षार्थी कम्तीमा ९० प्रतिशत उपस्थिति, संस्थानको कार्यक्रमका लागि योगदान र अनिवार्य रुपमा कला प्रर्दशनमा सहभागी हुनुपर्नेछ ।

ङ) सांस्कृतिक संस्थानको कर्मचारीहरुको हकमा कर्मचारी स्वयं र नीजका परिवारका श्रीमान्/श्रीमती तथा छोराछोरीबाट एक सत्रमा एकजनालाई पूर्ण छात्रवृत्ति व्यवस्था लागू हुनेछ ।

## कला प्रशिक्षण समय अवधि सम्बन्धमा

**१२. कला प्रशिक्षण समय अवधि देहाय बमोजिम हुनेछ:**

(क) सङ्गीत कक्षा बिहान ७:३० बजेदेखि ९:०० बजेसम्म सञ्चालन हुनेछ ।

(ख) नाटकको प्रशिक्षणको हकमा बिहान७:०० बजेदेखि ९:०० बजेसम्म हुनेछ ।

(ग) नेपाल सरकारले निर्धारण गरेको सार्वजनिक बिदाको दिनबाहेक हरेक दिन कक्षा सञ्चालन हुनेछ ।

(घ) प्रशिक्षण कार्यकाल ६ महिनाको हुनेछ ।

(ङ) अभिनय, गायन, नृत्य विधामा हप्तामा ६ दिन र अन्य विधामा हप्तामा ३ दिन कक्षा सञ्चालनहुनेछ ।

## परिच्छेदः५
## सांस्कृतिक संस्थान कला प्रशिक्षण पाठ्यक्रम तथा प्रशिक्षण पाठ्यसामग्री सम्वन्धमा:

१३. सांस्कृतिक संस्थान प्रशिक्षणको लागि पाठ्यक्रम तथा प्रशिक्षण पाठ्यसामग्री सम्वन्धमा देहाय बमोजिमको हुनेछ:
(क) हरेक विधाका प्रशिक्षकहरुद्वारा ६ महिने पाठ्यक्रम तयार गरी सोही अनुसार प्रशिक्षण दिने,
(ख) पाठ्यक्रमको सबै विधाको पाठ्यक्रम र स्तरमा एकरूपता हुनु पर्नेछ ।
(ग) सबै विधाको पाठ्यक्रमहरू सङ्गहित "सांस्कृतिक संस्थान प्रशिक्षण पाठ्यक्रम" पुस्तक निर्माण गरिनेछ ।
(घ) हरेक विधाहरुमा ३० प्रतिशत सैद्धान्तिक र ७० प्रतिशत प्रयोगात्मक पाठ्यक्रम निर्माण गरिनेछ ।

१४. सूचना प्रकाशन गर्ने सम्वन्धमा:
(क) प्रत्येक ६/६ महिनामा भर्ना सम्वन्धी पूर्ण जानकारी सहितको सूचनापाटी तथा डिजिटल प्रविधिहरु मार्फत् प्रकाशित गरिनेछ ।
(ख) कम्तिमा दुई महिना अगाडिदेखि प्रचारप्रसार गरिनेछ ।
(ग) विगतमा अध्ययन अध्यापन गरिएका भिडियो तथा फोटोहरू सङ्कलन गरिएका सामग्रीहरु सङ्कलन गरेर वृतचित्रहरु बनाइ प्रचारप्रसार गर्न सकिनेछ ।
(घ) विधागत रुपमा पनि प्रशिक्षकको फोटोसहित प्रचारप्रसार गर्न सकिनेछ ।

१५. प्रशिक्षार्थी छनौट तथा भर्ना सम्वन्धी व्यवस्था:
(क) प्रत्येक विधामा सहभागी बन्न इच्छुक प्रशिक्षार्थीलाई सम्वन्धित विधाको प्रशिक्षकहरुद्वारा छनौट गरिनेछ ।
(ख) प्रशिक्षण शुरु भएपछि भर्ना स्वत: बन्द हुनेछ ।
(ग) गायन, नृत्य र नाट्य विधामा ३५ जना र अन्य विधामा २० जनासम्म प्रशिक्षार्थी भर्ना लिन सकिनेछ ।

## परिच्छेदः६
## विविध

१६.आवेदन सम्वन्धमा:
(क) प्रशिक्षार्थीद्वारा आवेदन फाराममा भरिएको सूचना तथ्य सामग्रीलाई अभिलेखीकरण गरिनेछ ।
(ख) प्रशिक्षार्थी भर्ना भइसके पश्चात् विषय वा विधा परिवर्तन वा प्रशिक्षार्थी भर्ना रद्ध गरेर रकम फिर्ता गर्नु परेमा भर्ना शुल्कको १५ प्रतिशत रकम कटौती गरेर मात्र शुल्क फिर्ता हुनेछ भने विद्या परिवर्तन गर्दा सम्वन्धित विद्याको शुल्क लाग्ने छ ।
भएमा कक्षा सञ्चालन भएको एक हप्ताभित्र गर्नु पर्नेछ ।
(ग) नागरिकतामा तथा फर्ममा भरेको सूचनालाई सत्यतथ्य मानी सोही अनुसार प्रमाणपत्र उपलब्ध गराइनेछ ।
(घ) प्रशिक्षार्थी फर्म अनलाइनबाट समेत भर्न सकिनेछ ।

१७. **परीक्षा प्रणाली सम्बन्धमा:**

(क) प्रत्येक विधाबाट दीक्षान्त कार्यक्रमको मितिभन्दा १० दिन अगाडि सैद्धान्तिक परिक्षा गराई सक्नु पर्नेछ ।

(ख) हरेक प्रशिक्षार्थी सैद्धान्तिक तथा प्रयोगात्मक परीक्षामा अनिवार्य उपस्थिति हुनु पर्नेछ । अन्यथा परीक्षा प्रणालीमा सहभागी नहुने प्रशिक्षार्थीलाई प्रमाणपत्र उपलब्ध गराइने छैन ।

(ग) प्रयोगात्मक रुपमा दीक्षान्त कार्यक्रमको अवसरमा मञ्चमा प्रस्तुति अनिवार्य दिनु पर्नेछ,

(घ) परीक्षा प्रणालीको निम्ति सबै विधालाई प्रयोगात्मक विधा (दीक्षान्त कार्यक्रम) को लागि संस्थानले लागत खर्च व्यहोर्नु पर्नेछ ।

१८. **आचार संहिता सम्बन्धी व्यवस्था:**

(क) प्रशिक्षकहरूलाई आफ्नो कार्यतालिका अनुसार तोकिएको समयमा आइ प्रशिक्षण लिनु पर्नेछ, ।

(ख) प्रशिक्षकहरूले शिक्षार्थीप्रति कुनै आग्रह पूर्वाग्रह राखी कक्षा लिन पाउने छैन ।

(ग)प्रशिक्षार्थीहरूले कक्षा समयमा अनुशासित भइ कक्षा लिनु पर्नेछ । अभद्र व्यवहार गरे, मादक पदार्थ लगायत अन्य निषेधित पदार्थ सेवन गरी कक्षामा बस्न पाउने छैन । चित्त नबुझेको विषय माथि निवेदन लेखी एकाइ प्रमुख समक्ष पेश गर्नु पर्नेछ । हुलहुज्जत, गुट, उपगुट,हातहतियार लिएर कक्षामा प्रवेश गर्न पाउने छैन ।

(घ) अभद्र पहिरन लगाएर कक्षामा प्रवेश गर्न पाउने छैन ।

(ङ) प्रशिक्षार्थीले प्रशिक्षकसँग अनावश्यक विषयमा वादविवाद गर्न पाउने छैन । यदी माथि उल्लेखित क्रियाकलापहरु गरेको पाइएमा उक्त प्रशिक्षार्थीलाई सांस्कृतिक संस्थानको विनियमावली अनुसार नसिहत दिई सञ्चालक समितिले प्रशिक्षणबाट निस्काशन गर्न सक्नेछ । प्रशिक्षकहरुबाट पनि प्रशिक्षार्थीहरु माथि अभद्र व्यवहार गरेको प्रमाणित भएमा प्रशिक्षणबाट बञ्चित गरिनेछ ।

१९. **समापन तथा दीक्षान्त कार्यक्रम:**

(क) हरेक दीक्षान्त कार्यक्रम श्रावण महिनाको २५ गते र माघ महिनाको २५ गते संस्थानले तोकेको स्थानमा गरिनेछ ।

(ख) सबै विधाका सबै प्रशिक्षार्थीहरूले सामूहिक प्रस्तुति दिनु पर्नेछ र सबै प्रशिक्षार्थीहरूले राष्ट्रिय वा सम्बन्धित पोशाक र पहिरनमा सज्जा श्रृङ्गारका साथ प्रस्तुति दिनुपर्नेछ ।

२०. **प्रमाण पत्र वितरण सम्बन्धी व्यवस्था तथा मान्यता:**

(क) दीक्षान्त कार्यक्रमको अन्तमा सो कार्यक्रमका प्रमुख अतिथि, संस्थानका महाप्रबन्धक र सम्बन्धित विधाको प्रशिक्षकको हातबाट एक/एक प्रति प्रमाण पत्र वितरण गरिनेछ, ।

(ख) प्रशिक्षार्थीहरूलाई प्रमाण पत्र प्रदान गर्दा ८० प्रतिशत हाजिर उपस्थिति, सैद्धान्तिक तथा, प्रयोगात्मक परीक्षा उत्तीर्ण गरेपछि मात्र दिइनेछ ।

(ग) छात्रवृत्ति पाएका प्रशिक्षार्थीहरूको हकमा ९० प्रतिशत कक्षा उपस्थिति, सैद्धान्तिक तथा प्रयोगात्मक पेपर अनिवार्य उत्तीर्ण र अनुसन्धनात्मक पेपर अनिवार्य रुपमा पेश गर्नु पर्नेछ,

(घ) विद्यार्थीलाई ई हाजिरी पनि गर्न सकिनेछ ।

(ङ) प्रमाण पत्रको ढाँचा सञ्चालक समितिले निर्धारण गरे बमोजिम हुनेछ ।

(च) प्रमाण पत्रको मान्यता एस.ई.ई सरह हुनेछ ।

२१. आवश्यक सहयोगी जनशक्ति सम्वन्धमाभर्ना प्रक्रियामा फारम वितरण तथा सम्पूर्ण प्रशिक्षक तथा प्रशिक्षार्थीको हाजिरी रेकर्ड तथा कार्यालय व्यवस्थापनको निम्ति एक जना सहयोगीसमितिको सिफारिसमा संस्थानले तोके बमोजिमको पारिश्रमिकमा राखिनेछ।

२२. निर्देशन तथा सुझाव पालना गर्नुपर्नेसंस्थानले समितिलाई आवश्यक निर्देशन तथा सुझाव दिन सक्नेछ। यसरी दिएको निर्देशन तथा सुझावको पालना गर्नु समितिको कर्तव्य हुनेछ।

२३. **कार्यविधिको व्याख्या र संशोधनः**

(क) यस कार्यविधिको व्याख्या गर्ने अधिकार संस्थानमा निहित रहनेछ।

(ख) यस कार्यविधिमा कुनै संशोधन गर्नुपर्ने भएमा सांस्कृतिक संस्थान, संचालक समितिबाट गर्न सक्नेछ।

अनुसूची-१

सांस्कृतिक संस्थान
जमल, काठमाडौं
कलाकार प्रशिक्षण फारम

फोटो

सि.नं.
प्रशिक्षर्थीको नाम देवनागरिकमा:.-
(BLOCK LETTERS):-
जन्म मिति:.-
शैक्षिक योग्यता:.-
सम्पर्क फोन नं.:-
इमेल:-
स्थायी ठेगाना: जिल्ला:.-
प्रदेश:..-. ........................................................................ जिल्ला:.- ..........
महानगर/नगर/ गाउँपालिका: ........................................................ वडा नं.- ...........
हाल बसेको ठेगाना:-
प्रदेश:.-.. ........................................................................ जिल्ला:.- ..........
महानगर/नगर/ गाउँपालिका: - ................................................ वडा नं.- ..........
बाजेको नाम:-.......................................................................................................
बाबु/आमाको नाम:-...............................................................................................
श्रीमान् वा श्रीमतीको नाम (विवाहितको हकमा) :.-
प्रशिक्षण लिन चाहेको विधा:.-
प्रशिक्षण समूह:.-.
प्रशिक्षणको समय:..-.

कलाकार प्रशिक्षणका लागि फारम भरेर बुझाएपछि सांस्कृतिक संस्थानले तय गरेको प्रक्रिया मार्फत छनोट भएका प्रशिक्षार्थीले भर्ना हुनेअघि पेश गर्नुपर्ने कागजातहरु:-

- नागरिकताको प्रमाणित प्रतिलिपि वा उमेर खुलेको कुनै प्रमाणपत्रको प्रमाणित प्रतिलिपि ।
- शैक्षिक योग्यताको प्रमाणपत्र र मार्कसिटको प्रमाणित प्रतिलिपि ।
- दस्तुर बुझाएको बैंक भौचर ।
- प्रक्षिक्षण लिन चाहेको विद्यामा यस अघि कुनै प्रशिक्षण वा कक्षा लिएको भए त्यसको प्रमाणित प्रतिलिपि ।

नोट:-
प्रशिक्षणको समय र शुल्क सांस्कृतिक संस्थानले तय गरे अनुसार हुनेछ ।

- प्रशिक्षण अवधिमा प्रक्षिक्षार्थीको घटीमा ८० प्रतिशतले उपस्थिति हुनु पर्नेछ । अन्यथा संस्थान प्रशिक्षण प्रमाणपत्र दिन बाध्य हुने छैन ।
- प्रशिक्षणका क्रममा प्रशिक्षार्थीले अनुशासनहीन काम गरेमा, प्रशिक्षण कक्षाको वातावरण खल्वल्याउने आचरण वा व्यवहार गरेमा निजलाई कक्षामा प्रतिबन्ध लगाईनेछ । यसरी प्रतिवन्धित प्रशिक्षार्थीको शुल्क फिर्ता हुने छैन ।

.......................
रुजु गर्नेको दस्तखत:..

मिति:..

.............................
प्रशिक्षार्थीको दस्तखत